# मुसिकोट राजपत्र


मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ३) मुसिकोट,गुल्मी, जेष्ठ १५ गते,२०७६ साल (संख्याः ३


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## जेष्ठ नागरिक परिचय–पत्र वितरण कार्यविधि २०७६

जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुची–८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न जेष्ठ नागरिक परिचय–पत्र वितरण कार्यविधि २०७४, जारी गरिएको देहायको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# जेष्ठ नागरिक परिचय–पत्र वितरण कार्यविधि २०७६

<u>प्रस्तावनाः</u>

सामाजिक सुरक्षा अन्तर्गत जेष्ठ नागरिक को सुरक्षा , सम्मान र पहिचान लाई मध्यनजर गरी राज्यवाट प्राप्त हुने सेवा सुविधा तथा सम्मान लाई प्रत्याभुति गर्नका लागि स्थानिय सरकार सञ्चालन ऐन , २०७४ को दफा ११(त)२ वमोजिम मुसिकोट नगरकार्यपालिकाले यो कार्यविधि तयार पारेको छ।

**१. परिचय ः**

जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुची–८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न जेष्ठ नागरिक परिचय–पत्र वितरण कार्यविधि २०७४, जारी गरिएको छ ।

**२. परिचय–पत्र वितरणका आधार ः**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम जेष्ठ नागरिकको हक, जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार जेष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत जेष्ठ नागरिक परिचय –पत्र वितरणका आधार हुनेछन् ।

मुसिकोट राजपत्र

**३. उद्देश्य ः**

क) जेष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानिय तहदेखि नै जेष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त जेष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र जेष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुुभवकोे सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४. लक्षित वर्ग ः**

जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५. जेष्ठ नागरिकको वर्गीकरण ः**

जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम जेष्ठ नागरिकहरुको बर्गीकरण देहाय बमोजिम गरिएको छ ः

(क) सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ग नागरिक,

(ख) सत्तरी वर्ष पुरा गरेको वशिष्ठ जेष्ठ नागरिक,

(ग) असहाय जेष्ठ नागरिक,

(घ) अशक्त जेष्ठ नागरिक,

(ङ) एकल जेष्ठ नागरिक,

**६. परिचय–त्र वितरणका मापदण्ड ः**

जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र जेष्ठ नागरिक परिचय–पत्र प्रदान गर्न सकिनेछ ।

**७. जेष्ठ नागरिक परिचय–पत्रको ढाँचा ः**

जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसुची ३ बमोजिमको ढाँचालाई नै आधार मानी जेष्ठ नागरिक परिचय–पत्रको ढाँचा यस कार्यविधिको अनुसुची १ बमोजिमको हुनेछ । जेष्ठ नागरिक परिचय–पत्रको आकार नेपाली नागरिकताको प्रमाण–पत्रको आकार बराबरको हुनेछ ।

**८. परिचय–पत्र वितरण प्रक्रिया ः**

(क) जेष्ठ नागरिक परिचय–पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको जेष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानिय तहका प्रमुख प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण–पत्र लाई आधार मानिनेछ ।

(ग) जेष्ठ नागरिक परिचय–पत्र प्रदान गर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत  वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी हुनेछ ।

(घ) परिचय–पत्र प्राप्त जेष्ठ नागरिकहरुको लगत तोकिएबमोजिमको सफट्वेयरमा कम्प्युटराइज गरी नगरपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ङ) जेष्ठ नागरिक परिचय–पत्रको प्रतिलिपि लिन सम्बन्धित वडाको सिफारिश सहित सम्बन्धित स्थानिय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

**९. विविध ः**

क) जेष्ठ नागरिक परिचय–पत्र वितरणका लाि‍ग सम्बन्धित शाखाले आफ्नो सामान्य कार्यविधि आफै निर्धारण गर्नेछ ।

मुसिकोट राजपत्र

अनुसुची –१

जेष्ठ नागरिक परिचय–पत्रको ढाँचा

जेष्ठ नागरिक परिचय–पत्र

प.प.नं. ः–

नाम थर ः ..........................................................

ना.प्र.न. ः ...........................

ठेगाना जिल्ला ः ........................ न.पा.ः ..........................

वडा नं. ः .................................. टोल÷गाऊँ .........................

उमेर ः ........................... लिङ्ग ः ......................

उपलब्ध छुट तथा सुविधाहरु ः ..................................

पति÷पत्नीको नाम ः ................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण.................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोबाइल नं. ः .........

रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिएको औषधीको नाम ः

.................................................

प्रमाणित गर्ने अधिकृतको ः–

दस्तखत ः

नाम थर ः

पद ः

कार्यालय ः

प्रमाणिकरण मिति : २०७६।०२।१५

आज्ञाले,

नवराज भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

**मूल्य रू १०**

मुसिकोट राजपत्र